जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १२ ● अंक २४४ ● २०८२ आषाढ १० गते मंगलवार ● 24 Jun. 2025 ● पृष्ठ ४ ● मुल्य रु.५/-

# रामगोपालपुर नगरपालिकाको ४६ करोडभन्दा बढीको बजेट सार्वजनिक



**आरजे ईर्शाद शेख**
**महोत्तरी, ९ आषाढ**

रामगोपालपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ४६ करोड १६ लाख ७६ हजार ९ सय १ रुपैयाँको अनुमानित बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।

सोमवार वडा नम्बर ५ स्थित दुर्गा मन्दिरअगाडि आयोजित १२औँ नगर सभामा नगरप्रमुख रामदुलार साहले बजेट प्रस्तुत गरेका हुन्। नगरप्रमुख साहले बजेट प्रस्तुत गर्दै संघीय सरकार, प्रदेश सरकार, आन्तरिक आम्दानी तथा दातृ निकायहरूबाट प्राप्त श्रोतको विवरणसहित कुल बजेटको खाका सार्वजनिक गरे। उनका अनुसार बजेट स्रोत निम्नानुसार छन् : संघीय वित्तीय समानीकरण: ९ करोड ६१ लाख,संघीय सशर्त अनुदान: १६ करोड ९८ लाख,संघीय विशेष अनुदान: ६९ लाख,संघीय समपुरक अनुदान: २ करोड ३२ लाख,संघीय राजस्व बाँडफाँड: ९ करोड १२ लाख २३ हजार ४९१,प्रदेश वित्तीय समानीकरण: ६५ लाख ४९ हजार ,प्रदेश विशेष अनुदान: ३० लाख,प्रदेश समपुरक अनुदान: २० लाख,प्रदेश राजस्व बाँडफाँड: ५४ लाख ४ हजार ४१०,प्रदेश सशर्त अनुदान: ९५ लाख,आन्तरिक आम्दानी: २ करोड,मालपोतबाट प्राप्त: ८० लाख ,अ.ल्या. रकम: २ करोड रहेको छ।

नगरप्रमुख साहले बजेटसँगै सामाजिक तथा पूर्वाधार क्षेत्रमा केन्द्रित नीति तथा कार्यक्रम पनि प्रस्तुत गरे। कार्यक्रम अन्तर्गत:एमबीबीएस अध्ययन गर्ने विद्यार्थीहरूलाई ५१ हजार रुपैयाँ छात्रवृत्ति,जन्म, मृत्यु र विवाह दर्ता निःशुल्क,गरिब, विपन्न, असहाय परिवारलाई विवाह र क्रियाखर्चमा राहत,कृषि विद्युतीकरणका लागि बजेट विनियोजन,सिंचाइ प्रयोजनका लागि विद्युत महसुलमा अनुदान र कृषकलाई निःशुल्क कृषि मिटर उपलब्ध गराइने छ। १२औँ नगरसभाको उद्घाटन कार्यक्रम मधेस प्रदेशका भौतिक पूर्वाधार मन्त्री सरोज कुमार यादवको प्रमुख आतिथ्यमा सम्पन्न भयो। कार्यक्रममा जिल्ला समन्वय समिति उपप्रमुख नन्दु महरा, प्रमुख प्रशासकीय अधिकृत अच्छेलाल दास, नगर उपप्रमुख रिना यादव, वडा अध्यक्ष, सदस्यहरू, कर्मचारी, शिक्षक, पत्रकार, राजनीतिक दलका प्रतिनिधि र सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो।




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियां गाउंपालिकाको कार्यालय
धनुषा,मधेश प्रदेश

# विदेहमा पूर्ण सफा र स्वच्छ घर घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ८ आषाढ**

धनुषाको विदेह नगरपालिकाका दुई वटा वडामा सोमबार पूर्ण सफा र स्वच्छ घर घोषणा कार्यक्रम गरिएको छ। वडा नं. ३ को करमाही र वडा नं. ९ को इटहर्वा गरी ४६ घरलाई पूर्ण सफा र स्वच्छ घोषणा गर्दै विदेह नगरपालिकाका नगर उपप्रमुख आशादेवी झाले प्रमाणपत्र प्रदान गरेकी छन्। दुवै वटाका ४६ वटा घर पूर्ण सफा र स्वच्छ भएको घोषणा गर्दै उनले ती घरका अभिभावकलाई प्रमाणपत्र प्रदान गरेकी हुन्।

प्लान इन्टरनेशनल नेपाल र समाजिक विकास र अनुसन्धान केन्द्र (एसडीआरसी) को साझेदारीमा संचालित सशक्त बालिका परियोजना अन्तर्गत वडा नं. ३ र ९ मा सरसफाई तथा स्वच्छता (वास) कार्यक्रम अगाडि बढाइएको छ।

सरसफाई तथा स्वच्छता कार्यक्रम अन्तर्गत घोषणा भएका घरका अभिभावकलाई सरसफाई सम्बन्धी विभिन्न सामग्रीहरु पनि सहयोग गरिएको छ। हर्पिक २ वटा, शौचालय ब्रस २ वटा, चप्पल एक जोडी, हात धुने साबुन चार ओटा, बालटिन १ वटा, धाराको टुटी, जग



लगायतको सामग्री पूर्ण सफा र स्वच्छ घोषणा भएका घरका अभिभावकहरुलाई सहयोग गरिएको छ। वडास्तरीय खानेपानी, सरसफाई स्वच्छता समन्वय समितिका अध्यक्ष समेत रहेका वडा नं. ३ का वडाध्यक्ष रामश्रेष्ठ मुखियाको अध्यक्षतामा भएको घोषणा कार्यक्रममा नगर उपप्रमुख झा र समाजिक विकास र अनुसन्धान केन्द्रका अध्यक्ष मञ्जु कुमारी यादवले सूचक पूरा गरेर पूर्ण सफा र स्वच्छ घर भएका अभिभावकलाई सरसफाई सामग्रीसहित प्रमाणपत्र प्रदान गरेकी छन्। इसअघि सोमबार नै वडा नं. ९ को इटहर्वामा पनि एक कार्यक्रमका बीच पूर्ण सफा र स्वच्छ घर घोषणा गरिएको थियो। वडाध्यक्ष बृजनन्दन मण्डलको अध्यक्षतामा भएको कार्यक्रममा इटहर्वाका २५ घरलाई पूर्ण सफा र स्वच्छ घोषणा गरिएको हो। पूर्ण सफा र स्वच्छ घर घोषणाका लागि स्थानीयहरुलाई क्यालेण्डर वितरण गरिएको थियो।

सो क्यालेण्डरमा सरसफाई तथा स्वच्छता सम्बन्धी विभिन्न ६ वटा सूचकहरु तोकिएको र सो अनुरुप गरेका घरलाई पूर्ण सफा र स्वच्छ घोषणा गरिएको हो। वर्ष दिन अघि ती घरहरुमा क्यालेण्डर उपलब्ध गराएको र सोको नियमित रुपमा अनुगमन, निरीक्षणसँगै निगरानी पनि गरिएको एसडीआरसीका फिल्ड सुपरभाइजर जीवछ दासले बताए । वडास्तरीय खानेपानी, सरसफाई स्वच्छता समन्वय समितिले आयोजना गरेको घोषणा कार्यक्रममा वडा सदस्यहरु इन्दल मण्डल, निलमदेवी पासवान, फुलकुमारी सहनी, गीता दास, एसडीआरसीका सचिव सोनफी साह लगायतको उपस्थिति रहेको थियो।

**धुम्रपान र मदिरा सेवन नगरौं ।**

**धुम्रपानले:**
- फोक्सोको क्यान्सर, मुटु रोग, दम जस्ता रोग लाग्न सक्छ,
- स्वाश प्रश्वास प्रणालीमा असर गर्न सक्छ,
- मुख, घाँटी र छालामा क्यान्सर हुन सक्छ,
- गर्भाअवस्थामा धुम्रपान गरे बच्चाको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्छ,

**मदिरा सेवनले,**
- कलेजो रोग हुन सक्छ,
- तनाव, डिप्रेशन जस्ता मानसिक स्वास्थ्यका समस्या देखा पर्न सक्छ,
- पारिवारीक कलह र अशान्ति छाउन सक्छ,

"स्वास्थ्यकर जीवनशैली अपनाऔं, धुम्रपान र मदिराबाट टाढा रहौं"

नेपाल सरकार
विज्ञापन बोर्ड




## राजनीतिबाट जनताको प्रतिनिधित्व होस्

*राजनीति भनेको जनताका लागि सेवा गर्ने माध्यम हुन्छ । नेपालको राजनीतिक यथार्थ भने ‘पानीको फोका’ जस्तो देखिएको छ, ठूलो भाषण, ठूला सपना, तर त्यसको सार गहिराइ नभएको, छुनासाथ फुट्ने गरेको देखिन्छ । चुनावअघि दिने वाचा, घोषणापत्र, नारा आदिले जनताको सपना सजाउँछन्, तर चुनावपछि ती सबै फोकाजस्तै फुट्दै आएको देखिन्छ । सिद्धान्त, विचार र दृष्टिकोण भन्दा सत्ताको खेलमा निपुणता राजनीतिक मूल्य बन्दै गएको देखिन्छ । हिजो सडकमा बोल्ने नेताहरू आज सिंहदरबारमा कुर्सी गुमाउने डरले मौन भएको छ ।*

*समय अनुसार भाष्य बन्छन । राजनीतिक दलहरूप्रति जनताको विश्वास दिनानुदिन खस्किँदै जानुको मुल कारण पनि यही रहेको देखिन्छ । आधुनिकताले भरिएको जीवनशैलीमा भौतिक सम्पन्नता प्राप्तिको होडले हामीलाई मानसिक रूपमा अझ खोक्रो बनाइरहेको देखिन्छ । दौडधुप, तनाव, एक्लोपन, आत्महत्या, मानसिक स्वास्थ्य समस्या यिनै आधुनिक ‘समृद्धि’का परिणाम रहेको छ । पारिवारिक र साथीभाइ, अभिभावक र बालबालिकाबीचका सम्बन्धहरू पनि भावनात्मकभन्दा उपहार, पैसा, सम्पत्तिको गणनामा सीमित हुन थालेका देखिन्छ ।*

*अपरिचितभन्दा परिचितहरूबाटै डराउन पर्ने भाष्य देखिदै आएको छ । परिचित र आफन्तहरू संलग्न आपराधिक गतिविधि बढ्दै गएको प्रहरी तथ्यांकले पनि प्रष्ट भएको देखिन्छ । आजको नेपाली समाज उपभोगमा केन्द्रित हुँदै गएको छ भन्दा कुनै फरक नरहेको देखिन्छ मोबाइल, बाइक, गाडी, फेसन, ब्रान्ड यी सबै वस्तुहरूमा खर्च गर्ने ऋणीका संख्या बढ्दै गएको देखिन्छ आर्थिक व्यवहार पनि पानीको फोका झैं देखिन थालेको छ, हेर्दा चम्किलो तर भित्र खोक्रो देखिन्छ । अन्तमा जे-जसो भएपनि नेताहरुले राजनीति गर्नु तर जनतालाई ठग्ने काम नगर्नुहोला ।*

# जनमतको ६ जिल्लामा राष्ट्रिय परिषद् समन्वय बैठक तथा प्रशिक्षण कार्यक्रम सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ९ आषाढ**

जनमत पार्टीले मधेश प्रदेशका आठ जिल्लामध्ये छ जिल्लामा राष्ट्रिय परिषद् समन्वय बैठक तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। सप्तरीबाट सुरु भएको कार्यक्रम क्रमशः सिरहा, धनुषा, महोत्तरी, सर्लाही हुँदै शनिबार रौतहटमा पनि सम्पन्न हुनेछ।

पार्टीका अनुसार हालसम्म सम्पन्न कार्यक्रमहरूमार्फत २४ वटा संघीय निर्वाचन क्षेत्र समेटिएका छन्। पार्टीको सांगठनिक सुदृढीकरण अभियानअन्तर्गत आयोजित प्रशिक्षण तथा समन्वय बैठकमा स्थानीय, जिल्ला र केन्द्रस्तरीय नेताकार्यकर्ताको उल्लेखनीय सहभागिता रह्यो।

कार्यक्रमको नेतृत्व जनमत पार्टीका राष्ट्रिय परिषद् अध्यक्ष तथा संगठन विभाग प्रमुख डा. जयकान्त राउतले गरेका थिए। उनले समसामयिक राजनीति, पार्टीको भावी योजना, सांगठनिक रणनीति र निर्वाचन तयारीका सन्दर्भमा प्रशिक्षण दिएका छन्। पार्टीको वैचारिक स्पष्टता, सांगठनिक अनुशासन र नेतृत्व विकासमा जोड दिँदै उनले



प्रशिक्षण कार्यक्रमलाई संगठन विस्तारको महत्वपूर्ण माध्यमका रूपमा व्याख्या गरे । “आजको राजनीति केवल नारामा सीमित छैन, यो अब व्यवस्थापन र नेतृत्व क्षमतामा निर्भर छ,” डा. राउतले भने, “स्थानीयदेखि केन्द्रसम्म सक्षम नेतृत्व विकास नगरेसम्म वैकल्पिक राजनीतिको यात्रालाई मजबुत बनाउन सकिँदैन ।” प्रशिक्षणका दौरान नेताकार्यकर्तालाई स्थानीय जनसमस्या बुझ्ने, जनतामाझ पार्टीको नीति प्रष्टसँग बुझाउने र संगठनात्मक संरचना निर्माणमा अग्रसर बन्ने मार्गदर्शन दिइएको थियो । कार्यक्रमहरूमा सहभागी नेताकार्यकर्ताले प्रशिक्षणले आफूहरूलाई राजनीतिक रूपले परिपक्व बनाएको अनुभव सुनाए। उनीहरूले पार्टीले अघि सारेको विचार र रणनीतिलाई गाउँ-टोलसम्म लैजान प्रतिबद्धता व्यक्त गरे।

# करेन्ट लागेर एक वृद्धको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ९ आषाढ**




सिरहाको गोलबजार नगरपालिका-१३ स्थित दुर्गापुर डङ्गराहामा आज बिहान सिँचाइका लागि प्रयोग गरिएको करेन्ट लागेर एक वृद्धको मृत्यु भएको छ।

स्थानीय ६२ वर्षीय रामपृत पण्डितको आफ्नै धानखेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागि मृत्यु भएको वडाध्यक्ष नन्दकुमार महतोले जानकारी दिए । उनका अनुसार बिहान चिया खाएर खेत गएका पण्डित सिँचाइ गर्न खोज्ने क्रममा विद्युत्को तार सही तरिकाले नजोड्दा करेन्ट लागेको प्रारम्भिक अनुमान गरिएको छ। अहिले प्रहरी घटनास्थल पुगेर मुचुल्का तयार गरी मृतकको शव उठाउने काम गरिइरहेको इलाका प्रहरी कार्यालय, गोलबजारका प्रमुख प्रहरी निरीक्षक गोविन्द साहले जानकारी दिए। वडाध्यक्ष महतोका अनुसार गत वर्ष पनि सोही गाउँमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर एकजनाको मृत्यु भएको थियो।

उनले ग्रामीण क्षेत्रमा विद्युत् सुरक्षाबारे जानकारी कम रहेकाले पम्प प्रयोग वा मर्मत गर्दा सावधानी नअपनाउने, नाङ्गो तार छोप्ने, जमिनमै ‘प्लग’ राख्ने जस्ता कार्यले विशेषगरी वर्षायाममा अकालमा ज्यान गुमाउने क्रम बढिरहेको बताए । घटनापछि विद्युत् सुरक्षाको सवालमा चेतनामूलक कार्यक्रमको आवश्यकता देखिएको भन्दै स्थानीयवासीले पनि सरोकारवाला निकायसँग तत्काल ध्यान दिन माग गरेका छन्।




## तपाईको टुडे

मेषः अनावश्यक चिन्ता

वृषः पिछडेको साथी मिल्ने

मिथूनः खानपानमा समस्या आउने

कर्कटः मित्रतामा फाटो आउने

सिंहः पढाईमा ध्यान दिनुपर्ने

कन्याः लामो यात्राको योग छ

तुलाः मनमा पछुतो आउने

वृश्चिकः अशुभ समाचार प्राप्त हुने

धनुः विचार गरेर बोल्नुहोला

मकरः शुभ कार्यको शुरुवात

कूम्भः अनावश्यक खर्चको संभावना

मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानी आईआरजीसीका अखडाहरूमा इजरायली आक्रमण, सयौं मारिएको दाबी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ९ आषाढ**



इजरायलले सोमबार दिउँसो इरानको राजधानी तेहरानमा रहेको इरानी सेनाको एकाइ इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आईआरजीसी) का अखडाहरूमा आक्रमण गरेको छ। उक्त आक्रमणमा सयौं सैनिकहरू मारिएको दाबी गरिएको छ।

इजरायली सेनाले इभिन जेल, इजरायल विनाश घडी, आईआरजीसीको बासिज फोर्स मुख्यालय र तेहरानमा रहेको आन्तरिक सुरक्षा मुख्यालयलाई निशाना बनाएको बताएको छ। यसअघि इजरायलले इरानको फोर्डो आणविक स्थलमा आक्रमण गरेको थियो । इरानको तस्निम समाचार एजेन्सीले यो आक्रमण त्यही ठाउँमा गरिएको बताएको छ जहाँ अमेरिकाले आइतबार बस्टर बम खसालेको थियो । इजरायलले इरानका ६ विमानस्थलहरू - मशहद, तेहरान, हमादान, डेजफुल, शाहिद बख्तियारी र तब्रिजमा पनि ड्रोन आक्रमण गरेको छ। यसमा इरानका १५ लडाकु विमान र हेलिकप्टरहरू ध्वस्त पारिएको दाबी गरिएको छ । यसैबीच इरानका उपविदेशमन्त्री मजिद तख्त रवान्चीले इरानले आफ्नो आणविक कार्यक्रम बन्द नगर्ने बताएका छन्। इरानको सैन्य केन्द्रीय कमाण्डका प्रवक्ता इब्राहिम जोल्फाघारीले भने, 'जुवाडे ट्रम्प, तिमीले युद्ध सुरु गरेका छौ, तर हामी यसलाई अन्त्य गर्नेछौं।'

# विजय देवरकोन्डाविरुद्ध अर्को उजुरी दर्ता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ९ आषाढ**



अभिनेता विजय देवरकोन्डा विरुद्ध एससी/एसटी ऐन अन्तर्गत दोस्रो उजुरी दर्ता गरिएको छ। मे महिनामा चलचित्र रेट्रोको रिलिज पूर्व आयोजित कार्यक्रममा उनले एक बयानमा आदिवासी समुदायविरुद्ध आपत्तिजनक टिप्पणी गरेको आरोप छ।

आदिवासी समितिले त्यसै विषयमा उनीविरुद्ध उजुरी दर्ता गरेको छ। आदिवासी समितिका आन्ध्र प्रदेश अध्यक्ष नेनावता अशोक कुमार नायकले दायर गरेको उजुरीमा विजय देवरकोन्डाले फिल्म रेट्रोको रिलिज पूर्व कार्यक्रममा आपत्तिजनक टिप्पणी गरेर आदिवासी समुदायको अपमान गरेको आरोप लगाइएको छ।

यो उजुरी साइबराबादको रायदुग्राम प्रहरी चौकीमा दर्ता गरिएको छ। मे महिनाको सुरुमा, अधिवक्ता लाल चौहानले विजयविरुद्ध एसआर नगर प्रहरी चौकीमा लिखित उजुरी दिएका थिए । उनले प्रतिलिपिमा रेट्रोको रिलिज पूर्व कार्यक्रमको भिडियोको स्क्रिनसट पनि संलग्न गरेका थिए।

विजय देवरकोन्डाको भनाइ के थियो ? मे महिनामा फिल्म रेट्रोको प्रि-रिलिज कार्यक्रममा विजयले पहलगाम आतङ्कवादी हमलाको बारेमा कुरा गरेका थिए। यस क्रममा उनले भने- कश्मीरमा भइरहेको घटनाको समाधान भनेको आतङ्कारीहरूलाई शिक्षित गर्नु हो। उनीहरूले के हासिल गर्नेछन्? कश्मीर भारतको हो, कश्मीर हाम्रो हो। भारतले पाकिस्तानमाथि आक्रमण गर्नु पनि आवश्यक छैन किनभने पाकिस्तानीहरू पहिले नै आफ्नो सरकारबाट वाक्क भइसकेका छन्। यदि यो जारी रह्यो भने, उनीहरूले आफैँले उनीहरूमाथि आक्रमण गर्नेछन्। वास्तवमा, यी मानिसहरू कुनै पनि बुद्धिमत्ता र समझ बिना ५०० वर्ष पहिले लडेका आदिवासीहरू जस्तै व्यवहार गरिरहेका छन्।'

# जिल्ला हुलाक कार्यालय महोत्तरीद्वारा समिक्षा बैठक समपन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ९ आषाढ**




जिल्ला हुलाक कार्यालय महोत्तरीले स्थानीय पालिकाहरूमा रहेको हुलाक कार्यालयका कार्यालय प्रमुखहरूसँग समीक्षा वैठक सम्पन्न गरेको छ। जलेश्वरमा सम्पन्न समीक्षा वैठकमा हरेक पालिकाका हुलाक प्रमुखहरूले पालिकाहरूसँग समन्वय भइरहेको जानकारी गराए। केहीले सहयोग गरि रहेको तथा केही प्रमुखहरूले सहयोग गर्ने वाचा गरेको विषय उठान भएको थियो।

जिल्ला हुलाक कार्यालयका प्रमुख रामचन्द्र साहले समीक्षा वैठकमा पालिकाहरू भइरहेको गतिविधि तथा हुलाकको प्रयोगमा देखिएको चुनौतीबारे विषय उठान भएको जानकारी दिँदै हरेक पालिकाको छुट्टाछुट्टै हुलाक संकेत(पोस्टल कोड) प्रचलनमा आएकोले यसको प्रचार प्रसारमा ध्यान पुर्याइएको बताए। पहिला इलाका तथा अतिरिक्त हुलाक कार्यालयबाट सेवा हुँदै आएकोमा यो बर्षदेखि पालिका/पालिकामा हुलाक कार्यालय सञ्चालनमा आएको हो।


मिथिला नगरपालिका वडा नं. 4, धनुषा स्थित आर.एल.कर्प नेपाल प्रा.लि.को लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

**सार्वजनिक सूचना**

मधेश प्रदेश धनुषा जिल्लामिथिला नगरपालिका वडा नं. 4, आर.एल.कर्प नेपाल प्रा.लि.ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम : | आर.एल.कर्प नेपाल प्रा.लि.को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य । |
| प्रस्तावकको नाम र ठेगाना : | नाम:- आर.एल.कर्प नेपाल प्रा.लि.<br>ठेगाना:-मिथिला नगरपालिका वडा नं.4,धनुषा<br>सम्पर्क नं:-९८ |
| प्रस्तावको ब्यहोरा : | धनुषा जिल्लामिथिला नगरपालिका वडा नं.4को किता नं.४० को क्षेत्रफल ३७२४.६बर्ग मिटरभएको जग्गामा निर्माण भएको भवनमा संचालन भईरहेकोआर.एल.कर्प नेपाल प्रा.लि.को लागी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्नेकार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा : | जिल्ला धनुषा मिथिला नगरपालिका वडा नं.4 |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालय : | मिथिला नगरपालिका<br>०५नं. वडाको कार्यालय,धनुषा |
| प्रस्तावकको नाम र ठेगाना : | नाम:- आर.एल.कर्प नेपाल प्रा.लि.<br>ठेगाना:-मिथिला नगरपालिका वडा नं.4,धनुषा<br>सम्पर्क नं:-९८ |
| परामर्शदाताको नाम र ठेगाना : | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, धनुषा ।<br>सम्पर्क व्यक्ति : शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं. : ९८५४०२५०१९<br>इमेल :shambhuprasadchaurasia@gmail.com |






खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,जनकपुर



**औरही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**औरही, महोत्तरी**

***नगरबासीहरुमा जानकारी मूलक सन्देश***

- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं ।
- बसोबास स्थल, टोलका व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक कामकारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घरआँगनबाट उत्पन्न हुने फोहरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालनपालन र शिक्षादीक्षामा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।

# ग्वार्को ओभरपासले उब्जाएका प्रश्न

- के यो घना सहरी क्षेत्रमा 'सामाजिक र मनोवैज्ञानिक ब्यारिअर' रहितको संरचना हो ? के यसले सडक वारपारको आर्थिक र व्यापारिक गतिविधि र प्रभावलाई कुनै असर नगर्ला ? बालकले पहिलो पटक पाइला चाल्दा छर्ने खुसी अनुपम हुन्छ । अहिले नेपालको सडक विकासमा ग्वार्को ओभरपासले ल्याएको खुसी पनि यस्तै हो । हामी सडक पूर्वाधार प्रविधिमा बल्ल आशाका पाइलाहरू सार्दै छौं । हाम्रो वास्तविक अवस्था यही हो । निर्माण सम्पन्न गर्न चार वर्ष लामो समय लाग्यो । पटक-पटक म्याद थप भयो । पटक-पटक प्राविधिक विषय जोडिएर आयो । अन्ततः परियोजनाले सफलता हात पारेको छ । कतिले यसलाई 'फ्लाईओभर' भनेका छन् ।

नामको सन्दर्भमा सडक विभागले केही समय अगाडि विज्ञप्ति नै जारी गर्नुपरेको थियो । कारण, वास्तविकताको गहिराइबिना चर्चाका लागि सोसल मिडियामा सबै विज्ञ बन्नु, इन्जिनियर बन्नु हो । विकसित देशमा पुरानो भइसकेको तर नेपालका लागि नयाँ प्रविधि मानिएको ग्वार्को ओभरपासमा प्रयोग भएको प्रविधि कम लागत, सरल प्रविधि, निर्माणमा लचकता र वातावरणीय दृष्टिले उत्तम मानिए पनि स्थान अनुपयुक्तता र यसको स्वीकृतिको प्रश्न भने उठिरहेको थियो । अब अन्य परियोजनाका लागि यो एक सिकाइ भएको छ र हुनेछ । तथापि अब ग्वार्कोको रिङरोडमा गाडीहरू सलल बग्नेछन्, बिनाकुनै अवरोध । अनि मंगलबजार इमाडोल सवारीले भने राहतको श्वास फेर्दै, केही चनाखो हुँदै सडक पार गर्नुपर्ने देखिन्छ । किनकि सर्भिस लेनका क्रस सवारी र उही दिशाका पैदल यात्रीहरूको आवतजावत सोही अन्डरपासबाट नै हुनेछ । जे होस्, ग्वार्को चोकमा सवारी जामको बृहत् समस्या समाधान भएको छ । **प्रश्नहरू** ललितपुरको ग्वार्को चोक, उपत्यकाको व्यस्त र जटिल यातायात क्रसिङ जक्सनमध्ये एक हो । 'कन्फ्लिट प्वाइन्ट मिनिमाइज' गरी यहाँको यातायात प्रवाहलाई सुचारु बनाउन एउटा 'फ्लाईओभर' निर्माण गर्ने योजना बन्यो । यसको प्रमुख भौतिक संरचना बालकुमारीपट्टि ३२० मिटर, सातदोबाटोपट्टि १८५ मिटर र ३५ मिटरको ओभरहेड ब्रिजसहित जम्मा ५४० मिटरको 'मेकानिकल्ली स्टेबलाइज अर्थफिल वाल'को ब्लाइन्ड र्‍याम्पसहितको 'ग्रेड सेपेरेटेड क्रसिङ' हो ।



जसको अधिकतम उचाइ ६ मिटरभन्दा केही बढी छ । जुन 'ओभरहेड ब्रिज'को उचाइ अर्थात् अन्डरपासको क्लियरेन्स हो । यसभित्र कैयौं जटिल प्राविधिक विषयहरू भए पनि मूलभूत रूपमा 'प्रिकास्ट प्यानल'को फेस देखिने संरचना यही नै हो । जुन संरचना अहिले ठडिएको छ । यस्तै, यसको कहानीले बताउँछ- सीमित स्रोतले कसरी प्राविधिक डिजाइनमा कन्जुस्याइँ ल्याउँछ । ३१ करोड बढीको लागत अनुमान गरिएको काम पौने १८ करोडमा सकिएको छ । चार वर्षभन्दा बढी समय लागेको छ । यसले हाम्रो योजना र कार्यान्वयन क्षमताको यथार्थ चित्र देखाएको पनि हो ।

यस्तै, यो केवल यातायात सञ्चालनको अवसर मात्र नभई सहरी विकासका आधारभूत सिद्धान्तको अवसर पनि बन्नुपर्छ । यो केवल एउटा माटो र कंक्रिटको थुप्रो मात्र होइन, यो हामी नेपालीको विकासप्रतिको तिर्खा, आशा र प्रविधिमा बामे सर्दै गरेको एउटा खुसीको प्रतीक बन्नुपर्छ । यो हाम्रो देशको सडक पूर्वाधारमा एउटा नयाँ प्रविधिको इँटा थपिएको खुसी पनि हो । यो खुसीको लहरले हामी कति आशावादी छौं र कति सकारात्मक सोच राख्छौं भन्ने पनि देखाउँछ । तर, यो खुसीको पटांगिनीभित्र केही यथार्थहरूका गुन्जन पनि छन् । सडक पूर्वाधार प्रविधिमा हाम्रो सोच, अवस्था र स्थान कहाँ छ ? नेपालमा सडक क्षेत्रका दिग्गज विद्वान् तथा विज्ञहरू थुप्रै छन् । सडक विभागसँग वर्षौंको अनुभव छ । र, त्यहाँ झन् दिग्गज अग्रज विज्ञहरू छन् । तैपनि क्षमा माग्दै, ग्वार्को ओभरपासबाट केही शिक्षा लिँदै भविष्यको बाटो तय गर्ने हो कि ? यहाँहरूलाई ज्ञात कुरा नै सम्झाउने प्रयास गरेको छु । निर्माण सम्पन्नतापश्चात् सञ्चालन भएसँगै र भविष्यमा 'ग्वार्को ओभरपास'ले घना सहरी योजना, यातायात व्यवस्थापन र आर्थिक तथा सामाजिक गतिशीलताका विभिन्न पक्षहरूलाई अप्रत्यक्ष प्रभावित पार्ने केही प्रश्नहरू खडा गरेको छ । प्राविधिक दृष्टिले के यो 'फ्युचर प्रुफ' छ ? के भविष्यमा यो संरचनालाई 'एक्स्पान्ड' वा 'मोडिफाई' गर्न सकिन्छ ? अर्थात् यसको 'फ्लेक्सिबिलिटी' असम्भव छ । यस्तै, सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक दृष्टिकोणमा, के सबै किसिमका पैदलयात्रीका लागि 'एक्सेसिबिलिटी र मोभिलिटी'का लागि 'युनिभर्सल डिजाइन' छ ? के यो घना सहरी क्षेत्रमा 'सामाजिक र मनोवैज्ञानिक ब्यारिअर' रहितको संरचना हो ? के यसले सडक वारपारको आर्थिक र व्यापारिक गतिविधि र प्रभावलाई कुनै असर नगर्ला ? के यसलाई वातावरणीयमैत्री र 'एस्थेटिकल्ली वेल' संरचना भन्न सकिन्छ ? यस्ता-यस्ता प्रश्नहरू मेरो मथिङ्गलमा उब्जिएका छन् ।

यी र यस्ता प्रश्नहरूको उत्तर हामीले बनाउने संरचनाहरूमा अनिवार्य हुनुपर्दछ । विशेषगरी घना सहरी क्षेत्रमा निर्माण हुने सबैजसो भौतिक संरचनाहरूमा त झन् अनिवार्य हुनुपर्दछ । 'ग्वार्को ओभरपास' सँग माथिका प्रश्नहरूको उपयुक्त उत्तर छैन । यी सबैको कारक हो हाम्रो स्रोतको सीमितता, प्राविधिक डिजाइनमा कन्जुस्याइँ, अनि सस्तोमा काम चलाउने बाध्यता ।

साभार : कान्तिपुर ।

## रूख रोपौं, वन जोगाऔं

- रुख रोपौं, वन तथा वातावरण जोगाऔं ।
- पानी मुहान, सिमसार, तालतलैयाको संरक्षण गरौं, जैविक विविधतालाई संचित राखौं ।
- खाली जग्गाहरुमा वृक्षारोपण गरौं, जलवायु परिवर्तनका असर न्युनिकरणमा योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदी कटान बाढी रोकथाम गर्दै विपद् व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ नगर तथा सार्वजनिक स्थल र वातावरण सफा राखौं ।
- प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान गरौं ।
- प्लाष्टिक झोलाको सट्टामा वैकल्पिक झोलाको प्रयोग गरौं ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षारोपणका लागि आवश्यक विरुवा लिनका लागि नजिकैको डिभिजन वन र सव-डिभिजन कार्यालयमा सम्पर्क गरौं ।

**वन तथा वातावरण मन्त्रालय**
**जनकपुरधाम,धनुषा**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०३।१०

यस कम्पनीको मिति २०८२।०२।१६ मा समपन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी पार्वती मल्टी स्पेशलिटी न्यूरो पोलिक्लिनिक प्रा.लि.को नाममा रहेको सम्पूर्ण चलअचल सम्पति तथा तिर्नुपर्ने व्योहोर्नु पर्ने कर,दाँयित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्योहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०२।१६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी पार्वती न्यूरो क्लिनिक प्रा.लि.कायम गरिएको जानकारी गराईन्छ ।

## स्वस्थ रहन नियमित दूध सेवन गरौं

दूधले मानिसलाई चाहिने सम्पूर्ण पोषण प्रदान गर्छ, त्यसर्थ दूध सम्पूर्ण खाना हो । यसमा प्रोटिन, क्याल्सियम, भिटामिन ए, भिटामिन बी २, भिटामिन डी र ई सहित, म्याग्नेसियम, पोटासियम, आयोडीन लगायतका पोषक तत्वहरु हुन्छन् । नियमित दूध सेवनले शरिरमा रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै स्वस्थ रहन मद्दत पुऱ्याउँछ ।

यसले हामीलाई तौल घटाउन, तनाव वा टाउको दुखाइ कम गर्न, रक्तचाप, दाँत मजबुत बनाउन, मधुमेह लाग्नबाट बचाउनु हड्डी पातलिने लगायतका समस्याहरु आउन नदिन मद्दत पुऱ्याउँछ । त्यसैले दैनिक दूध तथा दूधजन्य पदार्थ सेवन गरौं ।

**नेपाल परिवार नियोजन संघ**
**जनकपुरधाम,धनुषा**

## हार्दिक अनुरोध

दक्ष जनप्रतिनिधि र कर्मचारी प्रशासन दीगो विकास, समृद्धि र सुशासनको संस्थागत मान्यतालाई आत्मसाथ गर्दै तीन तहका सरकारहरुको संस्थागत सुदृढिकरण र क्षमता विकास आवश्यक्ताको परिपूर्तीका लागि प्रदेश तथा स्थानीय तहको क्षमता विकासका साथै प्रादेशिक तथा स्थानीय स्तरका निकायहरुसँग समन्वय र सहकार्य गरेर संघीय राज्य प्रणालीलाई सुदृढ, सक्षम, जनहीतकारी बनाउनका लागि प्रदेश स्तरमा एउटा उत्कृष्ट केन्द्र (Centre of Excellence) को रुपमा गर्ने कार्यमा हातेमालो गरी सहयोगको लागि हार्दिक अनुरोध गर्दछु ।

**अनुरोधकर्ता**
**प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
**जनकपुरधाम, मधेश प्रदेश**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday